नेपाल स्काउट
प्रदेश स्काउट कार्यालय
लुम्बिनी प्रदेश, दाङ्ग

पत्र संख्या :

चलानी.नं. :

मिति : २०७९।०३।१५

## हार्दिक अपिल

आदरणीय दिदी-बहिनी तथा दाजु-भाई,

जल तथा मौसम विज्ञानका अनुसार मंगलबार, बुधबार र विहीबार देशका धेरै स्थानहरुमा हल्का, मध्यम देखि भारी वर्षा भई प्रदेश १, बाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका तराई तथा पहाडी भू-भागका र मधेश प्रदेशका थोरै स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको बताएको छ। कर्णाली प्रदेशका अधिकांश स्थानहरुमा हल्का देखि मध्यम वर्षा भई एक दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको बताएको छ।

तसर्थ, यो समयमा देशको पहाडी भू-भागमा पहिरो तथा गेग्रान बहाव (Debris Flow) को जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरुमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता तथा पुर्वतयारी अपनाउनु हुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरुमा अनुरोध छ।

साथै नेपाल स्काउटका रोभर, रेन्जर, DMT लगायत सम्पुर्ण स्काउटरलाई स्थानिय सरकार र प्रहरी प्रशासन संग सहकार्य गरि विपद् व्यवस्थापन तथा न्यूनिकरणमा परिचालन हुनका लागि अपिल गर्दछु।

संयोजक

दिनानाथ भट्टराई